# सुदूरपश्चिम विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
## उपप्राध्यापक पदपूर्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना
(खुला प्रतियोगिता)

सूचना प्रकाशन मिति: २०८०।०३।२५

सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ्ग सङ्कायका लागि निम्न लिखित विषयको उपप्राध्यापक पदमा खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट मिति २०८०/०३/२५ देखि मिति २०८०/०४/२८ गतेसम्म (दोब्बर दस्तुर तिरेर मिति २०८०/०५/०३ गतेसम्म) सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.np मा अंकित Online Application मार्फत दरखास्त आव्हान गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन।

| क्र.स. | विज्ञापन नं. | सङ्काय | पद | विषय | शैक्षिक योग्यता | संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | खुला | महिला |
| १ | ०७/२०७९-०८० | इन्जिनियरिङ्ग | उपप्राध्यापक | Computer Engineering | MSc in Computer Engineering with BE Degree in computer Engineering or Equivalent | १ | १ |

विज्ञापन सम्बन्धी अन्य विवरण सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.np मा हेर्न सकिने छ।

**द्रष्टव्य:**

१. शैक्षिक योग्यता: सम्बन्धित विषयमा स्नातकोत्तर तह कम्तिमा द्वितीय श्रेणीमा उत्तिर्ण भएको हुनु पर्ने छ।

२. आवेदन दस्तुर : रू. २,५००/-, आवेदन दस्तुर अनलाईन प्रणाली मार्फत बुझाउनु पर्नेछ। समावेशी समूहमा समेत आवेदन दिने उम्मेदवारलाई प्रति थप समूह बापत २० प्रतिशत थप शुल्क लाग्नेछ। एक पटक बुझाई सकेको दस्तुर फिर्ता हुने छैन।

३. उमेर हद: ४५ बर्ष ननाघेको। तर, सुदूरपश्चिम विश्वविद्यालयको सेवामा कार्यरतहरूको हकमा **शिक्षक नियुक्तिका आधार एवं सिफारिस सम्बन्धि विनियम, २०७८** (दोस्रो संशोधन सहित) अनुसार हुने छ ।

४. विज्ञापन प्रकाशन भएपछि प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवा अवधिलाई मान्यता दिइने छैन।

५. आफ्नो शैक्षिक योग्यता अनुसारको पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा वा आफ्नो पेशा व्यवसायसँग सम्बन्धित काउन्सिलमा दर्ता गर्नु पर्ने भएमा सो को अनुमति पत्र र दर्ता प्रमाणपत्र (नविकरण सहित) संलग्न गर्नु पर्नेछ।

६. निम्न कागजातहरूको डिजिटल फाइल (pdf) अनलाईन फारमका साथ अपलोड गर्नु पर्नेछ।
   (क) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो
   (ख) आधिकारिक हस्ताक्षर।
   (ग) नागरिकता।
   (घ) एसएलसी/एसइईदेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरू, समकक्षताको प्रमाण-पत्र।
   (ङ) शिक्षण सेवा अनुभवका लागि सुरुको नियुक्ति पत्र, नियुक्ति नवीकरण र कार्य अनुभवको प्रमाण पत्र पेश गर्नु पर्नेछ।
   (छ) व्यक्तिगत विवरण (वायोडाटा)।
   (ज) प्रकाशित अनुसन्धानात्मक कृतिहरू।

७. प्रचलित नेपाल कानून बमोजिम स्थापित विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधिको श्रेणी वा ग्रेड समेत खुलेको सम्बन्धमा विश्वविद्यालयबाट मान्यता भएको स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि पनि पेश गर्नुपर्ने छ। अन्यथा आवेदन फारम स्वीकार गरिने छैन।

८. अनुसन्धानात्मक कृतिहरू अपलोड गर्दा जर्नलमा प्रकाशित लेख भए पूरा लेख सहित जर्नलको बाहिरी कभर देखि बिषय सूची सम्मका पेजहरू र पुस्तक, अनुसन्धान प्रतिवेदन भए अगाडिको कभर पेजदेखि विषय सूचीसम्म र पछाडिको कभर पेज मात्र स्क्यान गरी pdf file अपलोड गर्न सकिने छ। अनुसन्धान प्रतिवेदनका साथमा प्रतिवेदन स्वीकृत भएको सक्कल पत्र समेत अपलोड गर्नुपर्ने छ।

९. विज्ञापन प्रकाशन भएपछि प्रकाशित कृति मूल्याङ्कन गरिने छैन।

१०. अनलाईनमा उपलब्ध हुने जर्नलको hard copy उपलब्ध नभएमा जर्नलको कभरपेज साथै सम्पादक मण्डल, ISSN, Publishing policy, विषय सूची आदि भएको पेज प्रिन्ट गरी लेखसंगै पेश गर्नुपर्ने छ।

११. अनलाईनमा पेश गरेका भन्दा फरक कृतिहरु मान्य हुने छैनन्।

१२. नेपालबाट प्रकाशित पुस्तक/सबै प्रकारका ग्रन्थको ISBN लिएको मिति र दुई प्रति पुस्तक त्रि.वि.केन्द्रीय पुस्तकालयमा बुझाएको सम्बन्धमा त्रि.वि. केन्द्रीय पुस्तकालयबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

१३. उपप्राध्यापक पदमा आवेदन दिने उम्मेदवारलाई लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि मात्र सक्कल कृति बुझाउन सूचित गरिने छ।

१४. उपप्राध्यापक पदको लिखित परीक्षाको पाठ्यक्रम तथा अन्य जानकारीका लागि वेवसाइट www.servicecomission.fwu.edu.np मा रहेको शिक्षक नियुक्ति एवं सिफारिस सम्बन्धी विनियम, २०७८ (दोस्रो संशोधन सहित) हेर्न वा सु.प.वि. सेवा आयोगमा सम्पर्क गर्न सकिने छ।

१५. लिखित परीक्षा मिति पछि तोकिने छ।